म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ८२ २०८१ माघ २६ गते शनिबार 8 February 2025, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-


**जन्मदिनको शुभकामना स्वह्नित**

प्यारो छोरो स्वह्नित आज तिम्रो जन्मदिन। जन्मदिनको अवसरमा तिम्रो सुस्वास्थ्य, दीर्घायु, असल आचरणसहित सुखद् भविष्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



सविना/सुशील राज गिरी
एवम् गिरी परिवार
हेटौंडा-१०, कर्रा

## हेटौँडा बजारका सडकछेउमा फोहोर थुप्रियो



*हेटौँडा-४, पारिजातपथमा हेटौँडा उपमहानगरपालिकाका कर्मचारीले थुपारेको फोहोर ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा बजारको फोहोर सडक छेउमै थुपार्न थालिएको छ। हेटौँडा उपमहानगरपालिका कर्मचारीले सडकका फोहोर बडारेर सडकछेउमै थुपारेका हुन्। अदालतले डम्पिङ साइटमा फोहोर नफाल्न अन्तरिम आदेश जारी गरेपछि बिहीबारबाट घरधुरीको फोहोर संकलन रोकेको हेटौँडा उपमहानगरपालिकाले शुक्रबारबाट भने मुख्य बजार क्षेत्रको सडकको फोहोर पनि उठाउन छाडेको छ।

हेटौँडा बजार क्षेत्रमा हेटौँडा उपमहानगरपालिकाकै कर्मचारीले फोहोर संकलन तथा व्यवस्थापन गर्दै आएको छ भने हेटौँडा नगरका निजी आवास तथा व्यावसायिक क्षेत्रको फोहोर सशूल्क संकलन तथा व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिइएको छ । अदालतको आदेशपछि हेटौँडा उपमहानगरपालिकाले बिहीबार एक सूचना नै जारी गरेर फोहोर संकलन कार्य स्थगित गरिएको जनाएको थियो ।

नगरवासीले भने अदालतले डम्पिङ साइटमा फोहोर नफाल्न मात्रै भनेको उल्लेख गर्दै उपमहानगरपालिकाले फोहोर नै नउठाउने निर्णय गलत भएको भनी आलोचना गरेका छन्। फोहोर व्यवस्थापन जस्तो संवेदनशील विषयलाई उपमहानगर पालिकाले जिम्मेवार भएर व्यवस्थापनमा चासो नदेखाएको नगरवासीको गुनासो छ।

## प्रहरी चौकी चैनपुरका लागि जग्गा प्राप्त



*मकवानपुर प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्कालाई जग्गाधनी पुर्जा (लालपुर्जा) हस्तान्तरण गर्नुहुँदै सहयोगी साँहिलीमाया मुक्तान ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरको राक्सिराङ गाउँपालिका-५, चैनपुरस्थित प्रहरी चौकी चैनपुरका लागि जग्गा प्राप्त भएको छ। गाउँपालिकाको भवनमा कार्यालय सञ्चालन गरिरहेको प्रहरी चौकीका लागि बिहीबार जग्गा प्राप्त भएको हो ।

राक्सिराङ्ग गाउँपालिका-५ की साँहिलीमाया मुक्तानले प्रहरी चौकी भवन निर्माणका लागि जग्गा उपलब्ध गराउनुभएको हो। करिब २१ लाख रुपैयाँ बराबरको १ रोपनी १४ आना जग्गा मुक्तानले प्रहरी चौकीका लागि निःशुल्क उपलब्ध गराउनु भएको हो। बिहीबार जग्गा प्रहरी चौकी चैनपुरको नाममा नामसारी भएर प्राप्त भइसकेको मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विशवराज खड्काले जानकारी दिनुभएको छ । प्रहरी चौकी चैनपुरमा अहिले प्रहरी सहायक निरीक्षकको कमाण्डमा ७ जना प्रहरी खटिएका छन् ।

'स्थानीयले जग्गा उपलब्ध गराएसँगै अब हामी भवन निर्माणका लागि स्थानीय, प्रदेश र संघ तीनै तहका सरकारसँग आग्रह गर्छौं', प्रहरी उपरीक्षक खड्काले समृद्ध समाजसँग भन्नुभयो, 'आगामी दिनको आवश्यकतालाई समेत हेरेर उपयुक्त भवन निर्माण गर्ने गरी स्रोत व्यवस्थापनमा अग्रसर हुनेछौं।' बागमती गाउँपालिकाको राईगाउँस्थित प्रहरी चौकी र कैलाश गाउँपालिकाको नामटारस्थित प्रहरी चौकीका लागि पनि जग्गा प्राप्तिका लागि प्रयास भइरहेको उहाँले बताउनुभयो ।

## स्नातक तह दोस्रो वर्षको वार्षिक परीक्षा सुरु

समाज संवाददाता

हेटौँडा : त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तह दोस्रो वर्षको वार्षिक परीक्षा शुक्रबारबाट सुरु भएको छ । त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रकको कार्यालयले मकवानपुर जिल्लामा २ वटा परीक्षा केन्द्र निर्धारण गरेको छ । हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसमा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

मकवानपुर जिल्लाका ७ वटा क्याम्पसमा विज्ञान, वाणिज्य, मानविकी र शिक्षाशास्त्र संकायमा गरी कुल ६०५ जना विद्यार्थीले स्नातक तह दोस्रो वर्षको परीक्षा फारम भरेका थिए । बिहान ७ बजेबाट वाणिज्य संकायको परीक्षा सुरु हुनेछ भने दिउँसो १२ बजेबाट विज्ञान, मानविकी र शिक्षाशास्त्र संकायको परीक्षा सुरु हुनेछ । परीक्षा ३ घण्टाको हुनेछ । स्नातक तह दोस्रो वर्षको वार्षिक परीक्षा फागुन ६ गतेसम्म हुनेछ ।

## हेटौँडा-१४ नम्बर वडा बालमैत्री घोषणा

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१४ नम्बर वडालाई शुक्रबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ। 'बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

हेटौँडा-१४ नम्बरका वडा अध्यक्ष दीपक खड्काको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। वडाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै वडा अध्यक्ष खड्काले ५१ वटा सूचक पूरा भएसँगै बालमैत्री वडा घोषणा गरिएको जानकारी दिनुभयो। ५१ वटा सूचकमध्ये ४७ वटा सूचकमा शतप्रतिशत र बाँकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्यूनतम प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको उहाँले बताउनुभयो ।

घरधुरी तथ्यांक संकलन सर्वेक्षण-२०७९ अनुसार वडामा १८ वर्ष मुनिका २ हजार ४ सय ९४ बालबालिका छन् । जसमा एक हजार २ सय ६७ बालक र एक हजार २ सय २७ बालिका रहेका छन्। कुल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४८ दशमलव ४४ प्रतिशत बालिका र ५१ दशमलव ५५ प्रतिशत बालक रहेका छन्। सामुदायिक र संस्थागत गरी बाल विकास केन्द्रसहित ६ वटा विद्यालय सञ्चालनमा रहेको अध्यक्ष खड्काले बताउनुभयो । २२ वटा बाल समूह र एउटा बाल सञ्जाल रहेका छन्। जसमा ५ सय ५० जना बालबालिका आवद्ध छन् भने विभिन्न संरचनागत समितिमा समेत गरी ५ सय ७० बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको उहाँले जानकारी दिनुभयो । घोषणा कार्यक्रममा कान्तिपुर टेलिभिजनका संवाददाता बालकृष्ण अधिकारी र रेडियो मकवानपुरकी संवाददाता निशा गुरुङलाई सम्मानपत्रले सम्मानित गरिएको छ ।

## बागमती प्रदेशसभा बैठक शनिबार बस्दै

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभाको बैठक आज शनिबार बस्दैछ । प्रदेशसभा सचिवालय हेटौँडामा दिउँसो २ बजे बैठक बस्ने तय भएको हो ।

सचिवालयका अनुसार प्रदेशसभाको उक्त बैठकमा निर्वाचन क्षेत्र लक्षित विशेष समयको कार्यसूची निर्धारण गरिएको छ। उक्त कार्यसूची अनुसार बैठकमा सांसदहरुले आफ्नो निर्वाचन क्षेत्रका समस्या, अवश्यकता, योजना कार्यान्वयनलगायतका विषयमा धारणा राख्ने प्रदेशसभाका सचिव कृष्णहरि खड्काले जानकारी दिनुभयो ।

सचिव खड्काका अनुसार शनिबारको बैठकमा ५ वटा विधेयकहरु माथि छलफल गरी संसदीय समितिमा पठाउने कार्यसूची पनि निर्धारण गरिएको छ। उक्त बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश खेलकुद ऐन संशोधन विधेयक, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसायीसम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई दफाबार छलफलका लागि विषयगत समितिमा पठाउने कार्यसूची रहेको छ । यसअघि गत माघ २४ गते बसेको प्रदेशसभाको बैठकमा प्रदेश सांसदहरुले निर्वाचन क्षेत्र लक्षित विशेष समयमा धारणा राखेका थिए भने प्रदेश लोकसेवा आयोगको गत आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन पेश गरिएको थियो ।




|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल

Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गईरहेको छ। सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागनु २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ।

**सम्पर्क :**
*निर्माण व्यवसायी संघ, मकवानपुर* । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

स्थान : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री।
- सूचना प्रविधि प्रदर्शनी।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस।
- मनोरञ्जनात्मक बाल उद्यान।
- नविनतम उपकरणहरुको प्रदर्शनी।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी।

# पर्यावरण जोगाऔँ



कुष्मा लौडारी

मेटाएर प्रकृतिको सुन्दरता
भरेका थियो
मानवी वस्ती
उठाएर कंक्रिटको जङ्गल ।

साँघुराएर
ठुला नदिहरुलाई
टुकुचे नालीमा
लगाएका थियौ
ठुला पोस्टरहरु
लेखेर
“पर्यावरण जोगाऔँ”

बिकेर पैसाका बिटाहरुमा
उठाएका थियौ
काठमा मुडाहरु
ठडाउन अनेको अग्ला
बिलिडङ्हरु ।

बनाएर अनेकौं बम, बारुदहरु
तुल्याएका थियौ आफुलाई
बनाएर भित्र भित्रै
प्राण खोक्रो ।

हिँडेर लगाउँदै
अनेकौं ऱ्यालीहरु
र फालेर त्यहि मिनरल
वाटरका बोटलहरु

अनि
बालेर प्लास्टिकका डङ्गुरहरु
लगायौ नारा
“स्वच्छ वायु स्वस्थ जीवन ।”

आज,
साँचो अर्थमा पहल गरौं
जोगाउन पर्यावरण
नढाकौं त्यो विशाल निलो
आकाशलाई विशक्त
तुँवालोले,

नभरौं सिमेन्टले
अक्सिजन,
नबनाऔं नरभक्षी दानव
काटेर ति सुखहरु ,

नफालैं फोहोरका
डङ्गुरहरु
जोगाऔं मालेको अस्तित्व
अनि
पहल गरौं
निलो
साँचो अर्थमा पहल
जोगाउन पर्यावरण

त्यो विशाल
आकाशलाई विशाक्त
नगरौं सिमेन्टीले
अक्सिजन,
नबनौं 'नरभक्षी दानव
काटेर ति सुखहरु
नफालौं फोहोरका डङ्गुरहरु
जोगाऔं मालेको अस्तित्व

अनि
बाँचौ मृदुल पर्यावरणमा
र
मिलेर जोगाऔं, हुर्काऔं
पर्यावरणलाई
बनाउन असल
साथी
हामी र हाम्रा
सन्ततीका ।

*कक्षा-९, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# विद्यार्थी जीवन



प्रगति माली

म बन्नेछु एकदिन महान् व्यक्ति पढेर
जान्छु सधैं विद्यालय अभाावसँग लडेर ।
अरुको प्रगति हेरेर नयाँ ज्ञान लिन्छु
देशको इज्जत उच्च पार्छु, ज्योति बनिहिन्छु ॥

हरेक दिन हामीले नयाँ सीप सिक्नुपर्छ
गुरुको प्रत्येक आदेश पालन गर्नुपर्छ ।
आफ्नो आफ्नो भविष्यका लागि हिँड्नुपर्छ
जगत्कै भलो हुने बाटो रोज्नुपर्छ ॥

गुरु हुन् भगवान् सधैं सम्मान गरौं
यो अमुल्य समय हो, पहिचान गरौं ।
विद्यार्थीले अनुशासन पालन गरौं है
शिक्षकले दिएका ज्ञान मनमा भरौं है ॥

यो विद्यार्थी जीवन हुन्छ अति नै राम्रो
यही बेलाको शिक्षाले जीवन बन्छ हाम्रो ।
ए, बी, सी, डी/क, ख, ग, घ नै हो विद्यार्थीको जीवन
यसैसाथ अघि बढ हुन्छौ विश्व महान् ॥

*कक्षा-१०, श्रमिक मध्यमिक विद्यालय, हेटौँडा-४*

# म कालो छु



ज्ञानभी कार्की

म कालो छु तर म अँध्यारो होइन ।
अँध्यारोको त कुनै रङ्ग नै हुँदैन ।
म रङ्गीन छु रङ्गहीन होइन
अँध्यारो त कुनै रङ्ग नै हुँदैन ।

म काले छु वर्षायामको बादल जस्तै ।
अझै त्यो भन्दा कालो छु शिरको तिम्रो केश जस्तै ।
अझै त्यो भन्दा गाढा
गाढा उज्यालोमा भागी जाने म त्यो अँध्यारो हुँदै होइन ।

रङ्गीन रङ्गीन हुँ म कालो रङ्गीन
तिमी गोरो छौं, म कालो छु, तर म अँध्यारो हुँदै होइन ।
मेरो चम्किँला दाँत जस्तै तिमी
अझै त्यो भन्दा फिक्का फिक्का गोरो छौं ।

टल्किरहेका ढुङ्गा जस्तै ।
अझै त्यो भन्दा फिक्का फिक्का
अँध्यारोमा हराई जाने तिम्रो त्यो रङ्ग उज्यालो हुँदै होइन ।
रङ्गीन हौ केवल रङ्गीन

तिमी गोरो छौं, तर उज्यालो हुँदै होइनौ ।
म कालो छु, म काली छु ।

*कक्षा-३, सिद्धार्थ शिशु सदन*

# खेलकुद प्रतिवेदन २०८१



**कोशिका सापकोटा**
**कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२**

विसं २०८० साल मंसिर ६ गते हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हामी गएका थियौँ । हामी जानुको मुख्य उद्देश्य विद्यालयका विद्यार्थीलाई खेल खेलाउन रमाइलो गर्न एक दुई दिनको भएपनि तन्दुरुस्त स्वस्थ एवं फुर्तिलो बनाउन थियो । त्यहाँ हामी कक्षा ४ देखि कक्षा १० सम्मका सम्पूर्ण तहगत संयोजक तथा शिक्षकहरू थियौं । त्यस ठाउँ राम्रो रमाइलो मनोरञ्जनात्मक थियो र खेलकुदका लागि प्रसिद्ध रहेछ ।

त्यहीँ गएर हामीले विभिन्न किसिमका दौड प्रतियोगिता, डोरी तान्ने प्रतियोगिता, सियोधागो प्रतियोगिता जस्ता अन्य थुप्रै खेलहरु खेल्यौं । खेल विद्यालय प्रशासनले आयोजना गरेको थियो । खेल खेलाउन शिक्षकहरूले खेल खेलाएर र खेलको निर्णय गरेर सहयोग गर्नुभयो । प्रधानाध्यापक र सहायक प्रधानध्यापकले पुरस्कार वितरण गरेर सहयोग गर्नुभयो । खेलको उद्घाटन वडा नम्बर ५ का अध्यक्ष सुशील घिमिरेज्यूले गर्नुभएको थियो । कार्यक्रम दुई दिनसम्म चलेको थियो । कक्षा ४ देखि १० कक्षाका विद्यार्थीहरुले खेलका विभिन्न विधामा पुरस्कार हात पारे। प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, वडा अध्यक्षज्यू र विद्यालय प्रशासनतर्फका आदरणीय व्यक्तित्वहरूले पुरस्कार वितरण गर्नुभयो ।

धेरै विधाका खेलहरू समेट्न नसक्नु, विद्यार्थीको संख्या धेरै भएका कारण सबैले सबै खेलमा सहभागी हुन नपाउनु र समय अभावका कारण समयमै सबै खेल खेल्न नपाउनु आदि कुराहरु यस खेलकुद प्रतियोगिताका कमजोरीको रुपमा रहन गयो। क्याम्पा रङ्गशाला भनेर निकै चर्चामा आएको यस रङ्गशाला खेल हेर्ने दर्शकका लागि बस्ने सुविधा उत्तिकै प्रशंसनीय थियो भने खेल्ने खेलाडी र दर्शकहरूका लागि शौचालय प्रयोग गर्नमा भने ज्यादै अप्ठ्यारो अवस्था थियो । किनकि शौचालयमा पानी थिएन र शौचालय सफा पनि गरिएको थिएन । त्यसकारणले रङ्गशालाले आफ्नो उचाइ जसरी बढाएको छ त्यसैगरी नै यसका शौचालय लगायतका अन्य स्थानहरू सफा हुनुपर्छ भन्ने विचार रहेको छ । खेल्ने मैदानमा हरियो दुबो उमार्न सके खेलाडीहरू र खेल दर्शकहरूका लागि धुलोले समस्या पार्ने थिएन कि भन्ने पनि लागेको छ ।

अन्तमा दुई दिने खेल प्रतियोगिता आयोजना गरेर कक्षा ४ देखि कक्षा १० सम्मका विद्यार्थीहरूलाई विभिन्न खेलमा सहभागी गराउनुहुने विद्यालय प्रशासन, प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, खेलको योजना बनाउनु हुने रोशिक श्रेष्ठ सर र खेल खेलाउनमा सबैतिरबाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शिक्षकहरुलाई धेरै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

# कविता लेखिन्छ



कृतिका हुमागाईं

दुबिएका हरेक स्वर लेखिन्छ
मेटिएका एक एक शब्द लेखिन्छ
स्वर चर्को र शब्द प्रष्ट होस
त्यसकै निम्ति कविता लेखिन्छ


कपाल सुम्सुमाएका हात लेखिन्छ
गल्तीमा सुनिएका गाली लेखिन्छ
पिताको मार्ग दर्शन र मातृ स्नेह

उनलाई नभनेको भावना लेखिन्छ
गर्न नसके प्रेम प्रस्ताव लेखिन्छ
कसैलाई नभनी मनमा गुम्सिएको
प्रेम गीत गाउन कविता लेखिन्छ ।

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*


## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**

# चित्रकला





**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४**





**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल हेटौंडा-8**





**आध्या अर्याल**
**कक्षा-8, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-8**

# सपनाको राजनीति



✍उज्जवल शर्मा

काठमाडौंः राजनीति खेल कि,
सेवा कोही बुझ्दैन्न
जनताको सपना यहाँ कसैल सुन्दैन ।
अन्धकारले  किन झुटले जित्छ फेरी ?

राजनीति किन विकृत छ यहाँ ?
जनताको नाम, स्वार्थको गान
सत्ता पाउन मेलमिलाप
सिंहाशन पुगेपछि विसर्नी शान

निर्वाचन आउँदा हात जोड्छन्
सत्ता पाउन कान थुन्छन्
भाषणमा सुनिन्छ समृद्धि
धरातालमा उस्तै दुर्दश सिद्धि

भाषण गर्छन विकासको
तर बाटोमै हिलो छ ।
अधिकारको कुरा गर्छन
तर न्याय अझै जेलमा छ ।

बाचा गर्छन, सपना देखाउँछन्
निर्वाचन सकिएपछि हराउँछन्
जनताको आँसुपीडा कसले बुझ्छ ?
स्वार्थको मञ्चमा सत्य किन लुक्छ ?

*ट्रिटन इन्टरनेशनल कलेज, काठमाडौं*
*कक्षा-११*

# यो माया कस्तो ?



✍तमिसा श्रेष्ठ

पानी भन्दा आँशु सस्तो
आँशु भन्दा रगत झनै सस्तो
नदेखिने आगोले भित्र भित्र जलाए जस्तो
कहिले आँशु कहिले हाँसो
खै यो माया कस्तो कस्तो ॥

हेरी रहन पाए भने
जीवनभरी हेरीरहुँ जस्तो
एक दिन नभेट्दा पनि
एक वर्ष विते जस्तो
कहिले मिलन कहिले बिछोड
खै यो माया कस्तो कस्तो ॥

उज्यालोमा हिँड्दा पनि
अँध्यारोमा पुगे जस्तो
केहीवेर टाढा हुँदा पनि
के के हराए जस्तो
कहिले घाम कहिले पानी
खै यो माया कस्तो कस्तो ॥

मायामा धोका हुँदा हुँदै पनि
माया गर्ने मायालु कस्तो
विछोडमा जति आँशु बगाए पनि
मिलनमा सबै बिर्सिए जस्तो ॥

कहिले दुःख कहिले सुःख
खै यो माया कस्तो कस्तो ?

*कक्षा-६, रेडरोज इंग्लिस बोर्डिङ स्कुल*
*हेटौंडा-१६*

# सरस्वती पुजा



✍अमेस्का मैनाली

महान् पर्व यो एकचोटी आउने वर्षमा
पुजा गर्दा सरस्वतीको रमाउँदा मन हर्षमा ।

हंस हो माता सरस्वतीको वहान
सबैलाई गुण लगाउने उनी  साह्रै महान ।

ज्ञानकी देवी उनी प्रदान गर्थिन् शिक्षा
भक्तजनहरुको गर्छिन् उनी सदैव रक्षा ।

माता सरस्वती हुन् ज्ञानकी दाता
हुन् उनी सम्पूर्ण जगतकी माता ।

*कक्षा-७, बालजागृति इङ्लीस सेकेण्डरी स्कुल,*
*हेटौंडा-२*

## गाउँखाने कथा

१. रुख भने सानो सानो चढ्न साह्रै गाह्रो ।
- सिस्नु

२. यो मेरो छेकने, यो मेरो छेक्ने, परिआएको बेलामा पुर्पुरो सेक्ने ।
- लौरो

३. यताबाट आऊ उताबाट आऊ दाँतले दार केही नखाऊ ।
- आरा

४. यता मुख उता कान, उता मुख यता कान, देख्नु सुन्न होस् नहोस् दुवैतिरबाट भनाभन ।
- टेलिफोनमा कुरा गरेको

५. यसैले सुखी, यसैले दुःखी, यो भने हिँड्छ आफुखुशी ।
- धन सम्पत्ति

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशिः** आश मरेको कुनै वस्तु वा गुमेको धन फिर्ता आउने समय छ । भौतिक र आर्थिक समृद्धि बढाउन अझै सक्रियता आवश्यक देखिन्छ । सोचेको काम बन्ने छ । धार्मिक यात्रा योगमा धन खर्च हुने समय छ । कला, साहित्यका काममा रुची बढ्न सक्छ । व्यक्तित्व विकासको समय योग रहेको देखिन्छ । व्यापार–व्यवसाय मध्यमकारक रहने छ । अध्ययन–अध्यापन ठिकै देखिन्छ । आन्तरिक प्रतिभा बढ्ने समय योग छ ।

**वृष राशिः** प्रतिष्ठा प्राप्त गर्ने समय छ । आनन्दको तिर्सना जाग्ने छ । खानपान र वस्त्राभूषणका लागि धनव्यय गर्न सकिने छ । आत्मीयता र समन्वय बढ्ने समय योग छ । पलपूर्वक गरेको कामबाट लाभ प्राप्त होला । विजय र सफलता प्राप्त गरिने समय छ । प्रतियोगीसँग चुनौति बढ्ने समय छ । इच्छा र भावना बुझेर अगाडि बढ्दा राम्रो रहन्छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।

**मिथुन राशिः** परिबनध र बाध्यताका काममा रुमल्लिएला । व्यावहारिक खर्च बढ्न सक्छ । वैदेशिक योगबाट लाभ प्राप्त होला । कारोबारमा झट्ट विश्वास गर्ने समय छैन । अवगाल आइपर्न सक्छ । शत्रुहरुसँग सजग रहँदा राम्रो । सावधानी र सतर्कता अपनाउँदा राम्रो । मनमा  भय र त्रास बढ्न सक्छ । व्यापार ठिकै छ । पढाइ–लेखाइ मध्यम रहेपनि धार्मिक कामबाट भने लाभ प्राप्त ।

**कर्कट राशिः** समय ठिकै छ । अरुको सहयोगका लागि समय प्रदान गर्नुपर्ला । प्रयासले अड्किएको काम र धन हात लाग्ला । व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ । धार्मिक एवम् सामाजिक काममा मन जाला । लगनशीलताले पुरस्कार प्राप्त होला । अध्ययन–अध्यापनमा मन जाला । कतै घुमघाममा रमाइएला । सहकर्मी र सहपाठीसँग प्रेम सम्बन्ध बढ्न सक्छ ।

**सिंह राशिः** राजनीति तथा सामाजिक कामका लागि कर्मसिद्धिको समय छ । भेटघाट रामरमाइलोमा समय बित्ला । घर–परिवारका खरखाँचो टार्ने समय छ । योजनाहरु कार्यान्वयन होलान् । व्यापार र कारोबारमा अझै मिहिनेती गर्नुपर्ला । कार्यसम्पादले प्रशंसा बटुलिने समय योग छ । अध्ययन–अध्यापनका काममा सरिक भइएला । धार्मिक यात्रा योगबाट लाभ बटुल्न सकिने छ ।

**कन्या राशिः** अरुको सफलतामा आनन्दित भइएला । धनार्जनका दृष्टिले राम्रो समय योग छ । दानपुण्य र परोपकारी काममा खर्च गर्न सकिने छ । कुनै काम विशेषले घरबाट बाहिरिनु पर्ला । हाँके/ताकेका काममा भाग्यले साथ दिने छ । जनसम्पर्कको दायरा बढ्ने योग छ । जाँगिरेका लागि दैवले साथ दिनेछन् । धार्मिक स्थलको यात्राबाट मानसिक शान्ति प्राप्त हुने समय योग छ ।

**तुला राशिः** जोखिम र संकटले घेरेको समय छ । धेरै बटुल्ने इच्छा गर्दा मूल धनमै आँच आउला । सहत्वाकांक्षा र दुराशालाई थाती राखी संयमताका साथ अगाडि बढ्दा राम्रो रहन्छ । यात्रा योगमा सरिक र धन खर्च होला । झट्ट विश्वास नगर्दा राम्रो रहन्छ । आफन्तले समेत कुरा काट्ने छन् । हडबड र शिघ्रता हानिकारक बन्न सक्छ । धार्मिक कृत्यबाट लाभ होला ।

**वृश्चिक राशिः** प्रेम र मित्रताको बन्धनमा कसिनु पर्ने योग छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने समय योग छ । प्रियजनसँगको भेटघाटले आनन्द बढ्न सक्ने छ । उपहार र प्रशंसा पाउन सकिने समय योग छ । व्यवसायिक यात्रा योगमा सरिक भइने छ । प्रविधिको प्रयोगले लाभ प्राप्त होला । अध्ययन–अध्यापन मध्यमकारक देखिन्छ ।

**धनु राशिः** कार्यसम्पादनबाट अधिकतम सन्तुष्टि प्राप्त होला । धार्मिक एवम् पारम्पारिक कार्यामा चासो बढ्ने छ । बन्दव्यापारमा गतिरोध समाप्त हुनेछ । विलासिताका वस्तुहरुको क्रय होला । इज्जत र प्रतिष्ठा बढ्ने  समय छ । व्यापार–व्यवसायमा चुनौति बढ्ने समय छ । स्वास्थ्यमा सामान्य प्रभाव बढ्ने  समय छ । अध्ययन–अध्यापन र शिक्षादीक्षाका कुरामा मन जाने योग छ ।

**मकर राशिः** निर्णय क्षमता र बुद्धिको सही उपयोगले गन्तव्य स्थानमा पुगिएला । प्रतियोगितामा विजय भइने छ । पुराना समस्या समाधान होलान् । चुनौति र समस्या समाधान हुँदै जालान् । व्यापार–व्यवसाय मध्यमकारक नै देखिन्छन् । धार्मिक एवम् सामाजिक काममा मन जाने समय छ । हाँके/ताकेका कामहरु सम्पन्न हुने समय छ । पढाइ–लेखाइ मध्यकारक नै मान्नुपर्दछ ।

**कुम्भ राशिः** महत्वकांक्षा र सपनालाई थाती राखी अगाडि बढ्दा राम्रो रहन्छ । मनोबल उच्च राखि अगाडि बढ्दा राम्रो रहन्छ । स्वास्थ्य समस्या समाधान हुनेछ । मनमा दोधार भए ठूला व्यक्तिको सहयोगले काम गर्दा राम्रो रहन्छ । आफन्तको व्यवहारले दिक्क लाग्ने समय छ । धार्मिक एवम् सामाजिक अनि राजनैतिक काममा सरिक भइने छ । पढाइ–लेखाइ ठिकै रहनेछन् ।

**मीन राशिः** समय मध्यमकारक नै छ । मन, बुद्धि स्थिर नरहला । सामाजिक एवम् परोपकारी कामबाट लाभ प्राप्त होला । इज्जत र प्रतिष्ठा कमाउन सकिने छ । पुराना समस्याहरु क्रमश समाधान होलान् । रोकिएका कामहरु पूर्ण हुने समय योग छ । अध्ययन–अध्यापन ठिकै छ । धार्मिक कृत्यबाट विशेष लाभ प्राप्त हुने समय योग छ । परोपकारजन्य काममा समय बित्ला ।

# बलात्कार



✍एन्जल  पोखेल

के भइरहेको छ हाम्रो यो देशमा ?
बलात्कार जस्तो गतिविधि गरिएको छ दानव मानिसको भेषमा
पाँच बर्षकी शिशुदेखि सत्तरी वर्षकी बृद्ध आमा
कोही पनि सुरक्षीत छैनन् यहाँ ।

कस्तो समाज हो यो ?
बलात्कार त गर्ने तर दोष चाहीँ नारीको स्वतन्त्रतामा लगाउने
यस्ता मानिसहरु छन् यहाँ नारीहरुलाई कुदृष्टिले हेर्ने
दिनदिनै बढ्दै गरेको हत्या, हिंसा अनि बलात्कार
कति वर्षसम्म सुन्ने हो हामी नेपालीले यस्तो समाचार

कस्तो समाज हो यो ?
नारीको इज्जत र आंशुको मोल नै नगर्ने
कच्चा कानुन भएकाले दोषीको मनोबल झनै बढेर आउने
यो नेपालमा जति सुरक्षित रैछन् बलात्कारी
पीडितलाई न्याय नदिलाएने नेता र प्रशासन छैन चमात्कारी

त्यसभन्दा बढी सुरक्षित रैछन् बलात्कारी
पीडितलाई न्याय नदिलाउने त्यस्ता र प्रशासन छैन चमात्कारी ।
किन घर, पसिवरको इज्त नारीले मात्र राख्नुपर्छ
अति भयो अब हामी सबै मिली बलात्कारको बिरुद्ध आवाज उठाउनु पर्छ ।

*कक्षा-६, बालज्योति माध्यमिक विद्यालय, हेटौंडा-५*

हेटौंडा उपमहानगरपालिका
८ नम्बर वडा कार्यालयको सूचना

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, बिवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/ गराऔं ।

रामकृष्ण थापा
वडा अध्यक्ष तथा
८ नम्बर वडा कार्यालय परिवार

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण  परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

# जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता सुरु



समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्ला तेक्वान्दो संघको आयोजनामा १७ औं संस्करणको जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता सुरु भएको छ । शुक्रबार हेटौंडा-४, पारिजातपथस्थित कभर्ड हलमा प्रतियोगिता सुरु भएको हो । मकवानपुर जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजी रत्न बज्राचार्यको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो ।

प्रतियोगितामा मकवानपुरका २२ वटा तेक्वान्दो डोजाङबाट करिब ३ सय जना खेलाडीहरुको सहभागिता रहेको छ। पुरुषतर्फको खेलमा १८ केजी तौल समूहदेखि ६७ केजी तौल समूहका खेलाडीहरुको सहभागिता रहेको छ भने महिलातर्फ १८ केजी तौल समूहदेखि ५८ केजी तौल समूहका खेलाडीहरुको सहभागिता रहेको छ ।

संघका अध्यक्ष बज्राचार्यले प्रतिभाशाली खेलाडी उत्पादन गर्नका लागि खेलले सहयोग पुऱ्याउने बताउनुभयो । जिल्लास्तरीय प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमलाई बन्द प्रशिक्षणमा राखेर राष्ट्रियस्तरको तेक्वान्दो प्रतियोगितामा सहभागी गराउने उहाँले बताउनुभयो । हेटौंडा उपमहानगरपालिकासँग सहकार्य गरेर तेक्वान्दो संघले राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्ने योजनामा रहेको उहाँले बताउनुभयो। प्रतियोगितामा सहभागी भएका खेलाडीहरुका लागि १ लाख रुपैयाँको बीमाको पनि व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

नगर प्रमुख लामाले खेललाई पर्यटनसँग जोड्ने काममा लागिरहेको बताउनुभएको छ। खेलमात्रै नभई शिक्षा, स्वास्थ्य र उत्पादनसँग पनि जोडिन आवश्यक रहेको उहाँको भनाई छ। आगामी फागुन १ गते हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री उपमहानगरपालिका घोषणा गर्न लागिएको उहाँले बताउनुभयो । बालबालिकाले पाउनुपर्ने खेलकुद, शिक्षा लगायत विभिन्न कुराको अवसरबाट बञ्चित नगराउनका लागि बालमैत्री घोषणा गर्न लागेको उहाँको भनाई छ।

प्रतियोगितामा २४ वटा स्वर्ण पदकका लागि खेलाडीहरबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिता सम्पन्न गर्नका लागि ३ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको छ । प्रतियोगिताको उपाधि विजेता टिमलाई १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै तृतीय हुने टिमलाई ८ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको महिला र पुरुषतर्फ १/१ जना सर्वोत्कृष्ट खेलाडीलाई ३/३ हजार रुपैयाँको नगद राशि र ट्रफी प्रदान गरिने छ।

गत वर्ष सम्पन्न भएको १६ औं संस्करणको तेक्वान्दो प्रतियोगिताको उपाधि हेटौंडा-१४, स्थित जनज्योति तेक्वान्दो डोजाङले उपाधि जितेको थियो भने हेटौंडा-४ स्थित कर्रा तेक्वान्दो डोजाङ उपविजेता बनेको थियो। यस्तै, मकवानपुर तेक्वान्दो डोजाङको टिम तृतीय भएको थियो ।

## फेमकोल बोर्डिङको खेलकुद सप्ताह सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३, पदमपोखरीस्थित फेमकोल एकेडेमी बोर्डिङको वार्षिक खेलकुद सप्ताह सुरु भएको छ। शुक्रबार पदमपोखरीको मिनी रंगशालामा सुरु भएको खेलकुद सप्ताहको उद्घाटन वडाध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बगान सिंह थिङको सभाध्यक्षमा भएको हो। खेलकुद सप्ताह आगामी माघ ३० गतेसम्म सञ्चालन हुनेछ ।

खेलकुद सप्ताहमा विभिन्न प्रतियोगिता सञ्चालन गरिनेछ। जुनियर तर्फका ६ वटा खेल र सिनियरतर्फका १० वटा खेलहरु सञ्चालन हुने बताइएको छ । सिनियरतर्फको खेलकुद कार्यक्रम उद्घाटनमा कबड्डी, टगअफ वार, स्लो साइकल दौड, म्युजिकल चेयरलगायतका खेलहरु सञ्चालन भएको थियो भने जुनियरतर्फ बुक ब्यालेन्स, पिरामिड कप, रेडी फर स्कूल लगायतका खेलहरु भएको थियो। प्रतियोगितामा करिब ६ सय जना विद्यार्थी सहभागी भएका छन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिनेछ। यस्तै, हाउस अफ इयर हुनेलाई पनि ट्रफी प्रदान गरिने बताइएको छ ।

### थाहा मेयरकप फुटबलको फाइनल आज

## उपाधिका लागि वडा नम्बर १ र ७ भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकामा जारी अन्तर वडास्तरीय मेयर कप फुटबल प्रतियोगिताको फाइनल खेल आज शनिबार हुँदैछ । थाहा नगरपालिकाको आयोजना तथा वडा नम्बर-४ स्थित ऋषेश्वर फुटबल क्लबको व्यवस्थापनमा भइरहेको प्रतियोगिताको फाइनल खेलमा उपाधिका लागि वडा नम्बर-१ र वडा नम्बर-७ बिच प्रतिस्पर्धा हुनेछ । दुबै टिम जीतको लक्ष्यसहित मैदानमा उत्रने छन् । खेल दिउँसो १ बजेबाट सुरु हुनेछ ।

शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा ३ नम्बर वडालाई टाइब्रेकरमा ६-५ गोलले हराउँदै ७ नम्बर वडा फाइनलमा प्रवेश गरेको हो भने दोस्रो खेलमा ४ नम्बर वडालाई टाइब्रेकरमा ६-५ गोलले हराउँदै १ नम्बर वडा फाइनलमा प्रवेश गरेको हो। पहिलो खेलको निर्धारित समय १/१ गोलको बराबरीमा रोकिएपछि नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो। ७ नम्बर वडाले १ गोल उपहारस्वरुप आत्माघाति गोल प्राप्त गऱ्यो । ३ नम्बर वडाका एलोन विष्टले एक गोल गरेका थिए।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागत उत्कृष्ट खेलाडी र प्रत्येक खेलको म्यान अफ म्याचका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ।

## अनुपम घलानको स्मृतिमा फुटबल प्रतियोगिता

समाज संवाददाता

हेटौंडा : हेटौंडामा अनुप घलान स्मृति यु-१६ नगरस्तरीय फुटबल प्रतियोगिता हुने भएको छ। नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा आगामी फागुन ७ गतेदेखि प्रतियोगिता हुनेछ । हेटौंडा-१२ निवासी अनुपम घलानको गत असोजमा पहिरोमा परेर निधन भएको थियो ।

एन्फा एकेडेमीका किशोर खेलाडी घलानको निधनपछि उहाँको स्मृतिमा प्रतियोगिता आयोजना गर्न लागिएको नगर खेलकुद विकास समिति हेटौंडाका अध्यक्ष रविन्द्र प्रसाद घिमिरेले जानकारी दिनुभएको छ । प्रतियोगिता हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ । प्रतियोगिताका लागि हेटौंडा उपमहानगर पालिकाले ७ लाख रुपैयाँ बजेट विनियोजन गरेको अध्यक्ष घिमिरेले बताउनुभयो ।

प्रतियोगितालाई आगामी वर्षमा पनि निरन्तरता दिने उहाँले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ७० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गर्नेछ।

## बालगृहलाई दिगोपन दिन महायज्ञ लगाइँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-५, सिंचाई टोलस्थित हाम्रो घर बालगृहको दिगोपनाका लागि अक्षयकोष स्थापना गर्न महायज्ञ लगाइने भएको छ । ग्रामीण जीवनस्तर सुधार मञ्चले सञ्चालन गरेको उक्त बालगृहको दिगोपनका लागि अक्षयकोष स्थापना गर्न महायज्ञ लगाइने भएको हो ।

मञ्चको आयोजनामा हुने श्रीमद्भागवत सप्ताहज्ञान महायज्ञमा संकलित रकमबाट बालगृह सञ्चालनका लागि अक्षयकोष खडा गरिने संयोजक इन्दिरा न्यौपानेले जानकारी दिनुभएको छ । उहाँका अनुसार फागुन १ गतेदेखि महायज्ञ आरम्भ हुनेछ। महायज्ञमा फागुन १ गते कलशयात्रा, प्रत्येक दिन मण्डप पूजा, पाठ पारायण, कथा प्रवचन, भजन, लाखबत्ती प्रज्वलन, झाँकी प्रदर्शनीलगायतका धार्मिक कार्यक्रमहरु हुनेछ ।

भागवतको पुस्तकमा तिल चढाएर अन्तिम दिन फागुन ९ गते महायज्ञ समापन गरिनेछ । महायज्ञमा वाचक पण्डित रामचन्द्र तिमल्सिना र १०८ भागवतका अभियानकर्ता पण्डित हरिचन्द्र तिमल्सिनाले कथा वाचन गर्नुहुनेछ ।

विगत १७ वर्षदेखि अभिभावकविहीन र बेसाहारा बालबालिकाको संरक्षण, हकहितको लागि ग्रामीण जीवनस्तर सुधार मञ्चद्वारा बालगृह सञ्चालनमा रहेको छ । हाल उक्त बालगृहमा २७ जना बालबालिकाहरु आश्रय लिइरहेका छन् ।

### ४ नम्बर वडास्तरीय ५ 'ए' साइड शिक्षक फुटबल सुरु

# श्रमिक मावि र नवोदय शिशु सदन विजयी



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ स्तरीय ५ 'ए' साइड शिक्षक फुटबल प्रतियोगिता सुरु भएको छ। दोस्रो वडास्तरीय वृहत् खेलकुद प्रतियोगिता अन्तर्गत शुक्रबार भुटनदेवी माविको चौरमा शिक्षकस्तरीय फुटबल प्रतियोगिता सुरु भएको हो ।

फुटबल प्रतियोगिताको पहिलो खेलमा हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालय विजयी भएको छ । आधुनिक राष्ट्रिय माविलाई २-१ गोल अन्तरले पराजित गर्दै श्रमिक माविका शिक्षकहरुको टिम विजयी भएको हो । श्रमिक माविका शिक्षक रोहित थिङ र करन घलानले एक-एक गोल गरेका थिए।

प्रतियोगिताको दोस्रो खेलमा नवोदय शिशु सदन विजयी भएको छ। नवोदयले ब्रह्मदिक् एकेडेमीलाई २-० गोल अन्तरले पराजित गरेको हो।

शैक्षिक गुणस्तर सुधार समिति अध्यक्ष श्रीराम दहालको सभाध्यक्ष तथा हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको थियो । वडा कार्यालयको आयोजना, शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापन तथा ब्रह्मदिक् एकेडेमीको सहव्यवस्थापनमा शिक्षकहरुको फुटबल प्रतियोगिता भएको हो । उद्घाटन कार्यक्रममा ४ नम्बर वडा सदस्य गीता त्रिपाठी, शैक्षिक गुणस्तर सुधार समितिका कोषाध्यक्ष माधव दाहालगायतको आतिथ्य थियो ।

प्रतियोगिताअन्तर्गत् शनिबार विहान भुटनदेवी मावि र हेटौंडा क्याम्पसबिच खेल हुनेछ। शनिबारै सेमिफाइनल तथा फाइनल चरणको खेल हुने शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष दहालले जानकारी दिनुभयो। प्रतियोगितामा हेटौंडा-४ भित्रका ३ वटा सामुदायिक विद्यालय, ३ वटा संस्थागत विद्यालय र हेटौंडा क्याम्पसको सहभागिता रहेको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र सुनाऔं

रेडियो निकास ९३.४
The Voice of Community

**श्री जनजागृती माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौंडा उपमहानगरपालिका-१५**
**रातोमाटे, मकवानपुर**

**शिक्षक आवश्यकता**

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१०/२६)*

यस विद्यालयमा प्राप्त शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाको च.नं. ५४३, मिति २०८१/१०/२५ को पत्रबाट शिक्षक पदपुर्ति अनुमति प्राप्त भई मिति २०८१/१०/२५ मा वसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र तपशिल बमोजिमको खुल्ला उम्मेद्वारीको लागि दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | विषय | नियुक्तिको प्रकार | संख्या | तह | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | २-०८१/०८२ | गणित | करार (राहत) दरबन्दी | १ | मावि | सम्बन्धित विषयमा B.ED वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त | रु २,०००।- |

४. तलब : नेपाल सरकारको नियमानुसार
५. परीक्षा : लिखित, मौखिक र अन्तरवार्ता
६. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. निवेदन दिने अन्तिम मिति : २०८१/११/१२ विद्यालय समयभित्र
८. सम्पर्क मिति : २०८१/११/१३
९. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
१०. पेश गर्नुपर्ने कागजातहरू : शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन, बायोडाटा एक प्रति, अनुभव भए सोसमेतको प्रतिलिपि एक प्रति तथा स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि नोटरीबाट प्रमाणित गरिएका २/२ प्रति

**नोट** : शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा परेकाहरूको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ दिनसम्म मात्र नियुक्ति गरिनेछ अन्यथा खुल्ला उम्मेदवारीको लागि शिक्षा नियमावली, २०५९ संशोसनसहितको प्रकिया पूरा गरी पदपुर्ति गरिनेछ ।
सम्पर्क नं. ९८४१२०८९१९ (वि.व्य.स. अध्यक्ष), ९८४५०३०८७६ (प्र.अ.), ९८४५४६३११० (सूचना अधिकारी)

**सूचना । सूचना । सूचना ।**

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाख्रामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाख्राहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाख्रामा विषाणुको कारणले लाग्ने महामारी रोग हो। यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठुलो आर्थिक क्षति हुने भएकाले यस रोग बिरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट**: परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाख्रालाई खोप लगाउनुहुन अनुरोध छ ।

**थप जानकारीका लागि**
**पशु सेवा कार्यालय, मकवानपुर**
**९८५५०२७७२९, ९८४५६७४१८२**

**VACANCY ANNOUNCEMENT**

MIHM
MEGHA INSTITUTE OF HOTEL MANAGEMENT
The art of meeting your highest expectations

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time
**About Us:**
***Megha Institute of Hotel Management*** *is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*
**Requirements:**
- *Minimum +2 levels completed (Priority for Hotel Management graduates).*
- *Proficiency in MS-Word, Excel, and Photoshop.*
- *Strong communication skills in both Nepali and English.*
- *Basic accounting knowledge (billing, record-keeping, cash handling).*
- *Pleasant personality with a customer-friendly attitude.*

**Responsibilities:**
- *Greet and assist students, visitors, and staff.*
- *Handle phone calls, emails, and inquiries professionally.*
- *Maintain student records, registrations, and course schedules.*
- *Perform basic accounting tasks (fee collection, record maintenance).*
- *Assist in preparing promotional materials using Photoshop.*
- *Support the management team in daily administrative tasks.*

**Benefits:**
- *Attractive salary based on experience.*
- *Professional growth opportunities.*

**How to Apply:** *Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph.* **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042
**Join us and be a part of a dynamic hospitality training institute!**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ